ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

आज मिति २०८१ साल असोज १६ गतेका दिन दिउँसो १०:४८ बजे यस ढोरपाटन नगर पालिकाका का.वा. नगर प्रमुख श्री धन बहादुर कायत ज्यूको अध्यक्षतामा नगर कार्यपालिकाको बैठक देहायबमोजिमको पदाधिकारीको उपस्थितिमा बसी तपासिलबमोजिमका प्रस्तावमाथि छलफल गरी निम्न निर्णय गरियो ।

उपस्थितिहरु :-

- का.वा. नगर प्रमुख श्री धन बहादुर कायत
- वडा नं. १, वडाध्यक्ष श्री बान बहादुर घर्त्याल
- वडा नं. २, वडाध्यक्ष श्री मेक बहादुर खत्री
- वडा नं. ३, वडाध्यक्ष श्री खिम बहादुर सुनार
- वडा नं. ४, वडाध्यक्ष श्री तिलक पुन
- वडा नं. ५, वडाध्यक्ष श्री दिपेन्द्र पुन
- वडा नं. ६, वडाध्यक्ष श्री उमेश कुमार बुढा मगर
- वडा नं. ७, वडाध्यक्ष श्री धन बहादुर अर्दे
- वडा नं. ८, वडाध्यक्ष श्री भद्रमणी सुनार
- वडा नं. ९, वडाध्यक्ष श्री खिम बहादुर घर्ति मगर
- कार्यपालिका सदस्य श्री बिमला महत
- कार्यपालिका सदस्य श्री निम कुमारी भण्डारी
- कार्यपालिका सदस्य श्री तुलसरी वि.क.
- कार्यपालिका सदस्य श्री खगिसरा कायत
- कार्यपालिका सदस्य श्री इन्द्र कुमारी सिर्पाली
- कार्यपालिका सदस्य श्री नवीन शेरचन
- कार्यपालिका सदस्य श्री दिलिप कुमार थापा
- कार्यपालिका सदस्य श्री कुल बहादुर घर्त्याल
- प्रमुख प्रशासकीय अधिकृत सचिव श्री चिरन्जिवि घिमिरे
- सहयोगी कर्मचारी श्री दिपक श्रीपाली

प्रस्तावहरु :-

१) ढोरपाटन नगरपालिका र ढोरपाटन शिकार आरक्षबिच समन्वय सम्बन्धमा ।
२) दशैं तिहार र छठ पर्वको शुभकामना आदान प्रदान सम्बन्धमा ।
३) मतदाता नामवली अद्यावधिक सम्बन्धमा ।
४) विविध सम्बन्धमा ।

नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

निर्णयहरु :-

१. प्रस्ताव नं. १, माथि छलफल गर्दा ~~प्रवेस~~ ढोरपाटन शिकार आरक्ष प्रवेश गर्न यस ढोरपाटनका जनतालाई समेत शुल्क लिइरहेकाले सो शिकार आरक्ष यस नगरपालिका भित्र पर्ने भएकाले यस ढोरपाटन नगरपालिका जनताहरूलाई निशुल्क प्रवेशका लागि अनुरोध गर्ने र ढोरपाटनमा रहेको नेपाली सेनाले शिकार आरक्षबाहिर आएर यस ढोरपाटन नगरपालिकाको वडा नं. ६ को देउराली सामुदायिक वनको रुदुताल क्षेत्रमा फाइरिङ अभ्यास संचालन गरेको देखिएकाले सो क्षेत्रमा यस स्थानीय तहको अनुमति विना सो क्षेत्रमा फाइरिङ अभ्यास नगर्न पत्राचार गर्ने निर्णय गरियो।

२. प्रस्ताव नं. २ माथि छलफल गर्दा २०८१ सालको दशैं, तिहार र छठ पर्वको उपलक्ष्यमा जनप्रतिनिधि, कर्मचारी र जनताबिच शुभकामना आदान प्रदान गर्ने निर्णय गरियो।

३. प्रस्ताव नं. ३ माथि छलफल गर्दा स्थानीय तहबाट मतदाता नामावली दर्ता तथा अद्यावधिक कार्यविधि, २०८१ को दफा ४ बमोजिम मतदाता नामवली दर्ता र अद्यावधिक गर्न अनुमति लिनको लागि आवश्यक स्वीकार यस पालिकाले गर्ने गरी अनुमतिका लागि जिल्ला निर्वाचन कार्यालयमा अनुसूची-१ बमोजिमको ढाँचामा निवेदन पेश गर्ने निर्णय गरियो।

४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिका अन्तर्गत बुर्तिबाङ प्राथमिक स्वास्थ्य केन्द्रमा कार्यरत बाल रोग विशेषज्ञलाई वैशिक तलबको २०% प्रोत्साहन भत्ता दिने। बि· उपलब्ध गराउने निर्णय गरियो।

दोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

५. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिकामा कार्यरत रहेका करार कर्मचारी हरुको सम्झौतामा चाडपर्व र पोशाक भत्ता उल्लेख नभएकाले निजहरुलाई सम्झौतामा उल्लेख भएको हकमा सोही अनुसार र सम्झौतमा उल्लेख नभएको हकमा प्रति कर्मचारीहरुलाई १८०००।- का ~~दरको~~ दरले चाडपर्व खर्च र ५०००।- का दरले पोशाक खर्च भुक्तानी दिने र यस पालिकाबाट विज्ञापन भएको वडा नं. ८ को कार्यालय सहयोगी पदमा १ जनाको दरखास्त परेकाले दरखास्तवाला जीवन सुनार लाई का.स. पदमा नियुक्ति गर्ने निर्णय गरियो

६. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस दोरपाटन नगरपालिकाको पञ्जीकरण शाखामा कार्यरत फिल्ड सहायक कर्मचारी २जना मध्ये प्रतिस्पर्धा गराई पहिलो व्यक्तिलाई कार्यालयमा र दोस्रो हुने व्यक्तिलाई रु २४०००। मासिक पाउने गरी वडा नं. १ को वडा कार्यालयमा खटाउने निर्णय गरियो ।

७. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ. व. २०८१।०८२ को लघु उद्यमी कार्यक्रम यस दोरपाटन नगरपालिका वडा नं. ८ मा सञ्चालन गर्ने निर्णय गरियो ।

८. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुले २०८१।०८।१८ गतेसम्म सामाजिक परीक्षण र लेखा परीक्षण गरी सोको प्रतिवेदन यस कार्यालयमा पेश गर्न लगाउने र यदी लेखा परीक्षण प्रतिवेदन र सामाजिक परीक्षण प्रतिवेदन प्राप्त नभएमा दोस्रो किस्ता अनुदान रकम रोक्का गर्ने साथै सो समयभित्र सामाजिक परीक्षण र लेखा परीक्षण नगर्ने विद्यालयका प्र.अ. र सम्बन्धित

कर्मचारीहरुलाई कारवाही समेत गर्ने निर्णय गरियो।

९. प्रस्ताव नं. ४ माथि छलफल गर्दा ढोरपाटन नगर पालिका वडा नं. ९ मा शिकार आरक्षण स्थापना हुनु पूर्व नै करिब १६४ रोपनी जग्गा खेल मैदान र गौंचरणका लागि रोकेर राखेको र उक्त क्षेत्रमा ~~वन तथा वातावरण मन्त्रालयले~~ पर्यटन मन्त्रालयले पर्यटन सूचना केन्द्र निर्माण गर्नका लागि DPR तयार गरी ठेक्का समेत गरिसकेको हुँदा उक्त कार्य गर्नका लागि वन तथा वातावरण मन्त्रालयलाई आवश्यक सहजीकरण गर्नका पत्राचार गर्ने निर्णय गरियो।

१०. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिका ब्याकुलोडर (JCB) लाई पालिका र वडाबाट विनियोजित रकमबाट मर्मत निर्माण काम बाहेक अन्य निर्माण कामका लागि तेल इन्धनबाहेक रु.२६००/- र इन्धनसहित रु १७००/- प्रति घण्टाका दरले मापदण्डमोजिम भाडामा दिने निर्णय गरियो।

११. प्रस्ताव नं. ४ माथि छलफल गर्दा यस ढोरपाटन नगरपालिका अन्तर्गत रहेको बुर्तिवाङ प्राथमिक स्वास्थ्य केन्द्रको लागि स्थायी कर्मचारीको तलवसमेत कट्टा भई आएकाले कम आएको रकम तलव भत्ता माग गर्ने र प्रादेशिक अस्पतालका लागि यस पालिकामा कुनै पनि श्रोत नभएकाले सो अस्पताल तुरुन्त सुरु गराउन प्रदेश सरकार र संघीय सरकारलाई अनुरोध गर्ने निर्णय गरियो।

१२. प्रस्ताव नं. ४ माथि छलफल गर्दा ढोरपाटन नगरपालिका वडा नं. १, मा कोजाग्रत पूर्णिमाको अवसरमा लाग्ने मेलामा कानुनी रुपमा वर्जित भएका जुवा, तास, गोल रिङ जस्ता खेल सञ्चालन गर्न र उक्त मेलामा मादक पदार्थ सेवन गर्न निषेध गर्ने निर्णय गरियो।

ढोरपाटन नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बुर्तिबाङ, बागलुङ
गण्डकी प्रदेश, नेपाल

१३. प्रस्ताव नं. ४ माथि छलफल गर्दा ढोरपाटन नगरपालिकामा पहिला बनेका घरहरु नगरपालिकामा सूचीकृत गर्ने र पुराना भवन प्राविधिकको निरीक्षण प्रतिवेदन र प्राविधिक मूल्याङ्कन गराएर मात्र तला थप गर्न स्वीकृत गर्ने तर जोखिम रहने घरमा तला थप गरेमा कारवाही गर्ने निर्णय गरियो ।

१४. प्रस्ताव नं. ४ माथि छलफल गर्दा देहायबमोजिमको कार्यविधि पास गर्ने निर्णय गरियो ।

१. कृषि विकास कार्यक्रम कार्यान्वयन, -२०८१
२. पशुपन्छी प्रोत्साहन सम्बन्धी कार्यविधि -२०८१
३. बाली तथा पशुधन बीमाको प्रिमियममा अनुदान का. सं. कार्यविधि-२०८१

१५. प्रस्ताव नं. ४ माथि छलफल गर्दा चालु आ.व. २०८१/०८२ मा विनियोजित बजेटबाट ढोरपाटन नगरपालिकाको समग्र वस्तुस्थिति देखिने गरी डिजिटल भिलेज प्रोफाइल बनाउनका लागि परामर्श दाता/कन्सल्टेन्सी मार्फत बनाउने निर्णय गरियो ।

१६. प्रस्ताव नं. ४ माथि छलफल गर्दा ढो.न.पा. ९ मा सञ्चालित विद्यालय श्री सरस्वती मा.वि. मा शैक्षिक सत्र २०८० मा कक्षा १० को वार्षिक परीक्षा समावेश गरिसकेकाले विद्यालयका लागि विद्यालयलाई लेखापाल कोटा उपलब्ध गराउने र सो कोटामा करार लेखापाल नियुक्तिको लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।